आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समूहमा सवै भन्दा न्यूनतम् मूल्यलाई(Lowest Rate) आधार मानी अनुदान रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदान रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरु र छनौट भएका आपूर्तिकर्ताहरुको नामावली, उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु नगरपालिकाले सम्वन्धित शाखालाई औपचारिक जानकारी दिने ।

(च) प्राप्त प्रारम्भिक विवरणलाई अध्ययन गरी प्रभावकारिता, यान्त्रीकरणको आवश्यकताका आधारमा शाखा मार्फत साझेदारहरुले माग गरेको यन्त्र उपकरणहरुको परिमाण र स्वीकृत वार्षिक बजेट अनुसार साझेदारहरुको अनुदान रकम एकिन गर्ने ।

(छ) समितिले आवश्यकता अनुसार थप मापदण्डहरु तयार गरि आपूर्तिकर्ता र साझेदार छनौट सम्वन्धी काम गर्नेछ ।

६. <u>प्रस्ताव माग तथा कार्यक्रम सञ्चालन :</u> (१) यस कार्यविधि वमोजिम कृषि यन्त्र उपकरण लिन चाहने साझेदारका लागि बढीमा तीस दिनको म्याद दिई अनुसूची-१ वमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(२) अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूची-४ वमोजिम तोकिएको म्याद भित्र सम्बन्धित शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) शाखाले उपदफा (२) वमोजिम प्राप्त हुन आएका प्रस्तावको प्रारम्भिक छानविन गरी सम्भव भए सम्म ७ दिनभित्र समितिमा पेश गर्नु पर्नेछ ।

७. <u>मुल्याङ्कन समिति:</u> (१) साझेदारको प्रस्ताव प्रारम्भिक मूल्याङ्कन दफा ५ वमोजिमको समितिले गर्नेछ ।

८. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदारले जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र अनुसुची-६ वमोजिम सम्वन्धित शाखासँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

९. <u>साझेदारको दायित्व</u> : साझेदारले आपूर्तिकर्तासँग अनुसूची-७ वमोजिम सम्झौता गर्नुपर्नेछ । साझेदारले सम्झौतामा उल्लेख भएको कृषि यन्त्र उपकरण सूचिकृत भएको आपूर्तिकर्ताको वैक खातामा रकम जम्मा गरी तोकिएको दररेटमा खरिद गर्नुपर्नेछ ।

१०. <u>भुक्तानी प्रक्रिया</u> : साझेदारले अनुदान रकम भुक्तानी लिन आपूर्तिकर्ताको वैंक खातामा जम्मा गरेको सक्कल भौचर, विल विजक, अनुसूची- ५ वमोजिमको विवरण, यन्त्र उपकरणको फोटो र अन्य आवश्यक कागजातहरु शाखामा पेश गर्नुपर्नेछ ।यसरी साझेदारले पेश गरेका कागजातहरु शाखाले चेकजाँच गरी सिफारिश पत्र साथ भुक्तानीका लागि नगरपालिकामा पठाउनु पर्नेछ।शाखाले पेश गरेको विवरण तथा सिफारिश पत्रको आधारमा नगरपालिकाले साझेदारले पाउने अनुदान रकम वैंक खाता मार्फत भुक्तानी दिइने छ ।

